नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..................................शाखा)

प.सं.:
सिंहदरबार, काठमाण्डौ
च.नं.:

# प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री **श्री धनराज गुरुङज्यू** र नेपालका लागि स्वीटजरल्याण्डका महामहिम राजदुत, **HE Dr. Danielle Meuwly** (डा. ड्यानिला मौली) ज्यू बीच आज सम्वत् २०८० साल कार्तिक १५ गते बुधबार तद्अनुसार १ नोभेम्बर, २०२३ का दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ता क्रममा माननीय मन्त्रीज्यूले नेपाल र स्वीटजरल्याण्ड बीच सन् १९५६ मा कुटनीतिक सम्बन्ध कायम भएको र हालसम्म दुई देश बीच प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्नु भयो । दुई देश बीचको भौगोलिक दूरी टाढा भए तापनि मित्रता, सुभेक्षा, सहयोग र आपसी सम्मान तथा समझदारी रहेको कुरा भन्नु हुँदै आगामी दिनमा यो सम्बन्ध अझ सुमधुर बन्ने र महामहिमज्यूको कार्यकाल अझ स्मरणीय बन्ने अपेक्षा समेत व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको विकास अभियानमा स्वीस नियोग (SDC) ले प्राथमिकतामा राखेर सहयोग पुऱ्याउँदै आएको प्रति आभार प्रकट गर्नु भयो ।

भेटका क्रममा महामहिम राजदुत, **डा. ड्यानिला मौलीज्यूले** नेपालले विकासशील राष्ट्रको सूचीमा पुग्न प्रयासरत रहेको र सोका लागि सहयात्री हुन पाउँदा खुशी लागेको कुरा बताउनु भयो । उक्त अवसरमा उहाँले नेपाल र स्वीस सरकारबीच प्रगाढ सम्बन्ध भएको स्मरण गर्दै नेपालको आर्थिक तथा सामाजिक विकास, सुशासन, राजनीतिक स्थायित्व, संक्रमणकालीन न्याय लगायतका क्षेत्रमा साझेदार हुन पाउँदा खुशी लागेको बताउनु भयो । साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, प्रशासनिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धताका साथै आगामी दिनमा दुई देश बीचको सम्बन्ध अझ विस्तार हुने अपेक्षा समेत व्यक्त गर्नु भयो ।

(कोशलचन्द्र सुवेदी )
सहसचिव एवम् प्रवक्ता

मितिः २०८०।०७।१५